# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०७ अक्टुबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय संसदीय मामिलामंत्री किरेन रिजिजुले आपदा प्रभावित मिरिक क्षेत्रको भ्रमण गर्नु भयो, भोलि बिजनबारी जानु हुनेछ|

- मुख्यमन्त्रि ममता ब्यानर्जीले आज दुधेमा पहिरो प्रभावित मानिसहरुसित राहत शिविरमा भेट गर्नु भएको छ|

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन क्षेत्रमा रहेका सबै सरकारी र निजि शैक्षिक संस्थानहरु हालैको आपदाको कारण १२ अक्टोबर सम्म बन्द गर्ने घोषणा गरिएको छ|

- प्रधानमन्त्री नरेन्द्र मोदीले भाजपा सांसद खगेन मुर्मु र विधायक शंकर घोष माथि नागरकाटामा भएको प्राणघातक हमलालाई लिएर राज्यको कानून व्यवस्था माथि प्रश्न खडा गर्नु भएको छ| लोकसभा अद्यक्ष ओम बिर्लाले राज्य सरकारसित रिपोर्ट माग्नु भएको छ|

- गोर्खा जनमुक्ति मोर्चाले आफ्नो १८ औं स्थापना दिवस पालन गरेको छ|

**किरेन रिजिजु मिरिक**

केन्द्रीय संसदीय मन्त्री किरेन रिजिजु अनि पश्चिम् बङ्गाल बिधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अशिकारीले आज दार्जीलिङका लोकसभा सांसद राजु बिष्टसित मिरिक महकुमा अन्तर्गत मेची ढाँड गाउँको पैह्रोग्रस्त क्षेत्रको स्थलगत भ्रमण गर्नुभयो। यस अवधि शोकसन्तप्त परिवारप्रति समबेदना व्यक्त गर्नुहुँदै यस्तो समयमा राजनीति र राजनैतिक आरोप- प्रत्यारोप  गर्न को साटो पीडितहरुलाई सहयोग गर्न एक भएर कार्य गर्नुपर्ने कुरामाथी जोड दिनुभयो। उहाँले भन्नुभयो - यस प्रकारको प्राकृतिक त्रासदीले प्रत्येकको मनलाई बिचलित बनाउदछ ।श्री रिजिजुले आफू प्रधानमन्त्री नरेन्द्र मोदीको शोक सन्देश लिएर आएको तथा  मिरिक - दार्जीलिङ अनि तराई डुवर्सको भल पैह्रो तथा बाढ प्रभावित क्षेत्रको भ्रमण पछि बिस्तृत जानकारी सरकार समक्ष राखिने जानकारी दिनुभयो।यस अवधि मिरिक पञ्चायत समितिका स्वस्थ्य एवं पर्यावरण बिभागीय कर्माध्यक्ष आदित्य प्रधान मुख्यरुपमा उपस्थित थिए। श्री अधिकारी , केन्द्रीय मन्त्री रिजिजु अनि सांसद राजु बिष्टले सौरैनी बजार सार्वाजनिक भवनमा आश्रय लिएर बसिरहेका बिस्थापितहरुसित बातचित गर्नुभयो। दार्जिलिङका सांसद राजु विष्टले बताए अनुसार श्री रिजिजु आज धैरै कार्यक्रमहरूमा भाग लिनु हुनेछछ। उहाँ सिलगडीमा रात बिताउनु हुनेछ र भोलि बिजनबारी गएर त्यहाँको अवस्थाको निरीक्षण गर्नु हुनेछ।

**मुख्यमन्त्री दुधे निरीक्षण**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज खरसाङ खण्ड अन्तर्गत दुधे क्षेत्रको निरीक्षण भ्रमणमा आउनु भयो। यसावधि उहाँले दार्जिलिङ जिल्लाभरिका पैह्रो पिढीतहरु र बाढ पिढीतहरुलाई भेटघाट गर्नुको साथै पैह्रोमा ज्यान गुमाएका प्रत्येक मृतकलाई 5 लाख गरेर चेक वितरण गर्नु भयो। यसको साथै मृतकको परिवारलाई राज्य सरकारको तर्फबाट होम गार्डको नोकरी दिने घोषणा पनि गर्नु भयो। उहाँले होम गार्डको नोकरीको लागि कुनै शैक्षिक योग्यता नपर्ने र ऊँचाई पनि नपर्ने बताउनु भयो। मृतकको एक

घरबाट कसले नोकरी गर्ने परिवारले निर्णय गर्नु पर्ने र यसको लागि बायोडाटा तयार पारेर राख्ने बताउनु भएको छ। उहाँले होम गार्डको नोकरीको लागि जिल्ला शासकलाई डाटा संकलन गर्ने र जिल्ला शासकबाट जिल्ला पुलिस अधिकारीलाई र जिल्ला पुलिसले डिजीलाई सूचित गर्नु पर्ने बताउनु भयो। यसको साथै बाढ पिढीत र पैह्रो पिढीतहरुको घर निर्माण गरिदिने पनि घोषणा गर्नु भयो। यसको लागि जिल्ला शासक डा प्रीति गोयल, जीटीए प्रमुख अनित थापा, एलबी राई र राज्यको मन्त्री अरुप विश्वासलाई जिम्मेवारी दिनु भएको छ। मुख्यमन्त्रीले पैह्रोमा परिवारको सबै सदस्यहरु गुमाएका एकजना नानीलाई स्कलरसीप दिने र पढाई खर्च बेहोर्ने घोषणा गर्दै यसको लागि जीटीए प्रमुख अनित थापा र एलबी राई अनि जिल्ला शासकलाई जिम्मेवारी दिनु भएको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले पैह्रोमा ज्यान गुमाएका परिवारको सदस्यहरुलाई चेक वितरण गर्न अघि आफ्नो सम्बोधन राख्नु भएको थियो। उहाँले दुधेको ब्रिज बनाउन एक वर्ष लाग्ने र नयाँ ब्रिज बनाउन शुरु गरिएको जानकारी गराउनु भयो। यस चेक वितरण कार्यक्रम सकिएपछि मुख्यमन्त्री ममता ब्यानर्जीले दुधेको भत्केको पूलको पनि निरीक्षण गर्नु भयो। यसावधि उहाँले कामको प्रोग्रेस विषयमा सन्तुष्टी पनि व्यक्त गर्नु भयो। उहाँले काम गर्ने ईञ्जिनियरहरु र श्रमिकहरुलाई सुरक्षा व्यवस्थाको साथमा काम गर्ने सुझाव दिनु भयो।

**ममता- खगेन मुर्मु**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज दिउँसो सिलिगुडी अस्पतालमा भर्ती उत्तर मालदाका भारतीय जनता पार्टीका सांसद खगेन मुर्मुसित भेट्गर्नुभयो। उहाँले घाइते सांसदको स्वास्थ्य स्थिति बारे सोधपुछ गर्नुभयो र उहाँको परिवार र चिकित्सकहरूसित कुराकानी गर्नुभयो। मुख्यमन्त्रीले उपचारको प्रगतिको जानकारी लिएपछि चिकित्सकहरूलाई आवश्यक दिशा-निर्देश पनि दिनुभयो।सांसदको परिवारसितको कुराकानीको क्रममा, ममता बनर्जीले कुनै पनि आवश्यकता परेको खण्डमा उहाँ स्वयं सहायता गर्न उपलब्ध हुने बताउनु भयो। उहाँले अन्यत्र उपचार आवश्यक परेमा तुरुन्तै जानकारी गराउन पनि आग्रह गर्नुभयो।अस्पताल बाहिर मुख्यमन्त्रीले पत्रकारहरूसितको कुराकानीमा भन्नुभयो, खगेन मुर्म अहिले ठीक हुनुहुन्छ, उहाँको स्थिति गम्भीर छैन। सुश्री बनर्जीलेले डाक्टरहरूको रिपोर्ट हेरेँको बताउनु भयो। उहाँले भन्नुभयो श्री खगेन हाल निगरानीमा हुनुहुन्छ। उहाँलाई डायबिटीज छ, जसलाई नियन्त्रणमा राख्नु आवश्यक छ। मुख्यमन्त्रीले उहाँको शीघ्र स्वास्थ्यलाभको प्रार्थना गर्नुभएको छ।

**राज्यपाल घाइते संसाद विदायक भेट**

पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले आज सिलगडीको एक निजी अस्पतालमा उपचाररत घाइते भाजपा सांसद खगेन मुर्मुलाई भेट गर्नु भयो। जलपाईगुडीको नगरकाटामा आएको बाडीको भ्रमणमा जाँदा भएको आक्रमणमा मालदा उत्तरका सांसद मुर्मु र सिलगडीका विधायक शंकर घोष घाइते भएका हुन्। श्री मुर्मु र श्री घोषले सत्तारुढ तृणमूल काँग्रेसका कार्यकर्ताहरूलाई यसको दोष लगाउनु भएको छ।

**प्रधानमन्त्री - पश्चिम बंगाल भाजपा आक्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालमा बाढी अनि पहिरोबाट प्रभावित मानिसहरूको सेवा गरिरहेका भाजपा कार्यकर्ताहरूमाथि आक्रमण गरिएको तरिका अत्यन्तै भयावह भएको बताउनु भएको छ। सामाजिक सञ्जालमा एक पोस्ट मार्फत श्री मोदीले भन्नु भयो यसले तृणमूल कांग्रेसको असंवेदनशीलता र राज्यमा कानून व्यवस्थाको अत्यन्तै दयनीय अवस्थालाई प्रतिबिम्बित गर्दछ। प्रधानमन्त्रीले पश्चिम बंगाल सरकार र तृणमूल कांग्रेसले यस्तो चुनौतीपूर्ण अवस्थामा हिंसाको सहारा लिनुको सट्टा मानिसहरूलाई मद्दत गर्नमा बढी ध्यान केन्द्रित गर्नु पर्ने बताउनु भयो। श्री मोदीले भाजपा कार्यकर्ताहरूलाई जनतामाझ काम गरिरहन र जारी उद्धार कार्यमा सहयोग गर्न आह्वान पनि गर्नु भयो।

**लोकसभा अध्यक्ष नागराकाटा हमला**

नागराकाटा हमलाको घटनापछि लोकसभा अध्यक्ष ओम बिर्लाले पश्चिम बंगाल सरकारसँग विस्तृत प्रतिवेदन माग्नुभएको छ। यो जानकारी केंद्रीय मन्त्री किरेन रिजिजूले आज दिनु भएको छ। हिजो जलपाईगुडीको नागराकाटामा राहत वितरणको क्रममा भाजपा सांसद खगेन मुर्मू अनि विधायक शंकर घोषमाथि आक्रमण भएको थियो।

**जीटीए शैक्षिक संस्था बन्द**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको शिक्षा विभागले आज एक महत्वपूर्ण आदेश जारी गर्दै क्षेत्रका सम्पूर्ण शैक्षिक संस्थाहरू अस्थायी रूपमा बन्द गर्ने निर्णय गरेको छ। यो निर्णय 4 र 5 अक्टोबरमा भएको लगातार भारी वर्षा र पहिरोका कारण क्षेत्रको यातायात तथा सम्पर्कमा आएको गम्भीर अवरोधलाई मध्यनजर गर्दै गरिएको हो। आदेश अनुसार, सरकारी, अर्धसरकारी, निजी तथा मिशनरीद्वारा सञ्चालित विद्यालयहरू—प्राथमिकदेखि माध्यमिक तहसम्मका साथै SSKs, MSKs, सामान्य तथा प्राविधिक कलेजहरू—सम्पूर्ण शैक्षिक संस्था 8 अक्टोबरदेखि 10 अक्टोबर 2025 सम्म बन्द रहनेछन्। शिक्षा विभागका कार्यकारी निर्देशकद्वारा हस्ताक्षरित यस आदेशमा जनाइएको छ कि शैक्षिक संस्थाहरू आगामी 13 अक्टोबर देखि पुनः सञ्चालनमा आउनेछन्।

**गोजमुमो स्थापना दिवस**

गोर्खा जनमुक्ति मोर्चाको १८ औँ स्थापना दिवस आज दार्जिलिङको मोटर स्ट्याण्डमा भव्यताका साथ आयोजना गरेको छ। यस अवधि पार्टीका महासचिव रोशन गिरीले सबैलाई शुभकामना दिँदै जनता आफूहरुको साथमा रहेको बताए। यसका साथै उहाँले पहिरोको चपेटामा पारेर ज्यान गुमाएकाहरुलाई श्रधान्जली अर्पण गर्दै पहिरो पिडितहरु प्रति दुःख व्यक्त गर्नु भयो।

**वाल्मीकि जयन्ती**

आज देशका विभिन्न भागहरूमा वाल्मीकि जयन्ती मनाइँदैछ। यो दिन रामायणका रचयिता महर्षि वाल्मीकिको जन्मजयन्ती हो। महर्षि वाल्मीकिलाई "आदि कवि" अथवा संस्कृत भाषाका प्रथम कविको रूपमा पनि सम्मान गरिन्छ। वाल्मीकि सम्प्रदायका सदस्यहरूले उहाँलाई भगवानको दूत मान्छन् र महर्षि वाल्मीकिको जन्मजयन्ती ठूलो भक्तिभावका साथ मनाउँछन्।

**ताबाकोशी पर्यटक**

लगातार वर्षा र पहिरोका कारण दार्जीलिङको ताबाकोशी क्षेत्रमा लगभग ७० पर्यटकहरू फसेका थिए। ४ अक्टोबर राति र ५ अक्टोबर बिहानको अविरल वर्षाले क्षेत्रका विभिन्न स्थानमा पहिरो गएको छ, जसले गर्दा दुबै दिशाबाट सडक सम्पर्क पूर्ण रूपमा अवरुद्ध भएको थियो। दार्जीलिङ जिल्ला प्रशासनले तत्काल समन्वित र प्रभावकारी कदम चाल्दै पर्यटकहरूको सुरक्षा सुनिश्चित गर्‍यो। पहिरो हटाउहाँ JCB मेसिनहरू तुरुन्त परिचालन गरिएको थियो, यद्यपि ५ अक्टोबरमा यातायात सम्भव नभएकाले पर्यटकहरूलाई नजिकैका होमस्टेहरूमा सुरक्षित बस्ने व्यवस्था गरियो। ५ अक्टोबर राति नै निरन्तर पुनःस्थापना कार्यहरू सञ्चालन गरियो, जसको परिणामस्वरूप ६ अक्टोबर बिहानदेखि सडक खुल्न थाल्यो। त्यसपछि ब्लक प्रशासनद्वारा व्यवस्था गरिएका सवारी साधनमार्फत सबै पर्यटकहरूलाई ताबाकोशीबाट सुखियापोखरी पुऱ्याइयो, जहाँबाट उनीहरू सुरक्षित रूपमा सिलगढीतर्फ प्रस्थान गरेको बताइएको छ।

**मौसम**

उत्तर बंगालमा विगत केही दिनदेखि भइरहेको भारी वर्षा अब कम हुन थालेको छ। मौसम विभागका अनुसार बंगालमाथि सक्रिय न्यून चापीय क्षेत्रले अब आफ्नो शक्ति गुमाएको छ र उत्तरपूर्वी बिहारमाथि चक्रवाती परिसंचरणको रूपमा उपस्थित न्यून चापीय क्षेत्रको प्रभाव कम भए पनि, बंगालबाट मनसुन पूर्ण रूपमा हटेको छैन। देशका विभिन्न भागहरूमा नयाँ न्यून चापीय क्षेत्रहरू निर्माण भएका कारण मनसुन गतिविधि जारी छ। उत्तर बंगालका जिल्लाहरू - दार्जिलिङ, कालिम्पोङ, अलिपुरद्वार, जलपाईगुडी र कुचबिहार - मा आज अनि भोली वर्षा हुने अनुमान गरिएको छ। यद्यपि, बिहीबारदेखि मौसममा सुधार हुने संकेतहरू छन्। दक्षिण बंगालका अधिकांश जिल्लाहरूमा भोलि सम्म हल्कादेखि मध्यम वर्षा हुने अनुमान गरिएको छ।